**मिति २०८२।०१।२६ गते माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षातामा बसेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को २०७ औं बैठकका निर्णयहरु :**

- सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिकाद्वारा जग्गा व्यवस्थापन गरी तत्कालका लागि स्थानीय तहबाटै भौतिक पूर्वाधार तथा आर्थिक स्रोत व्यवस्थापन गर्ने गरी परिषद्को आंगिक शिक्षालयका रुपमा गुर्भाकोट बहुप्राविधिक शिक्षालय, सुर्खेतको स्थापना गरी शैक्षिक सत्र ०८२।०८३ देखि प्रमाणपत्र तहको नर्सिङ् कार्यक्रम संचालन गर्ने निर्णय भएको ।

- सशस्त्र प्रहरी बलद्वारा संचालित ए.पि.एफ. नेपाल इन्स्टिच्यूट अफ हेल्थ साइन्सेज, बलम्बु, काठमाण्डौलाई प्रमाणपत्र तहको नर्सिङ्ग कार्यक्रम सम्बन्धन/स्वीकृति दिने निर्णय भएको ।

- मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी, मोरङ्गका कार्यक्रमहरुलाई गैह्रनाफामूलकरुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्सँग साझेदारी प्रक्रिया बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय भएको ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का सातवटा प्रदेश कार्यालयहरुबाट सिफारिस भइ आएका विभिन्न संस्थाहरुलाई छोटो अवधिको तालीम कार्यक्रम सम्बन्धन/स्वीकृति दिने निर्णय भएको ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र मातहतका कार्यालय तथा शिक्षालयहरुमा विद्युतीय हाजिरी (E-Attendance) सम्बन्धी व्यवस्था, २०८२ लागू गर्न परिषद् कार्यालयलाई निर्देशन दिने निर्णय भएको ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत प्रशिक्षार्थी भर्ना प्रक्रियाका लागि परीक्षाको ढांचा परिवर्तन सम्बन्धमा निर्णय भएको ।

२०८२।०१।२८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुर